annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७५ पृष्ठ ८ | काठमाडौं, आइतबार २९ असार २०८२ | श्रावण कृष्णपक्ष तृतीया नेपाल संवत् ११४५ | SUNDAY, JULY 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# मिथिला मरुभूमितिर

**जलवायु परिवर्तनको प्रत्यक्ष असर मधेसमा गहिरिँदो संकटको रूपमा देखिएको छ। यहाँ एकातिर वर्षा नभएर भूमिगत जलस्रोत सुकेका छन् भने अर्कातिर सिँचाइ अभावले कृषि उत्पादन घटेको छ। पानीको चरम अभावले गाउँघरमा इनार र चापाकलको पानी पनि रित्तिएको छ। यसले खानेपानीदेखि खेतीपातीसम्म गम्भीर प्रभाव पारेको छ। चुरे वन विनाश, अनियन्त्रित बोरिङ र सरकारी बेवास्ताले जलभण्डार सुक्दै गएका छन्। परम्परागत खानपान संस्कृति हराउँदै गएको छ भने धान, मकै, तरकारी जस्ता अन्नबालीमा ह्रास आएर आयातमा निर्भरता बढेको छ। सरकार भने थोरै राहत प्याकेजको घोषणा गर्न सीमित छ। जलवायु अनुकूल कृषि रणनीति, पानी संरक्षण र चुरे संरक्षणको दीर्घकालीन योजना नहुँदा मधेस अन्नभण्डारबाट संकटभण्डारमा परिणत हुने खतरा देखिन थालेको छ।**

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट

## 'गठबन्धन चुनावसम्मै जान्छ'



**झापा** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले अहिलेको गठबन्धन चुनावसम्मै जाने बताएका छन्। झापाको कनकाई नगरपालिकाका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा धनीपुर्जा वितरण गर्दै प्रधानमन्त्री ओलीले नेपाली कांग्रेससँगको गठबन्धन २०८४ को चुनावसम्म जारी रहने बताएका हुन्।

उनले आफ्नो नेतृत्वको सरकार नढल्ने दाबी गरेका छन्। उनले भने, 'यो सरकार ढल्छ ढल्छ भनेर कराउनेहरू कराऊन्। सरकारको एक वर्ष बित्यो। अर्को एक वर्ष म प्रधानमन्त्री हुन्छु। त्यसपछि हाम्रो सहमतिबमोजिम नेपाली कांग्रेसका सभापति एवं मेरो लामो लोकतान्त्रिक आन्दोलनका सहयात्री शेरबहादुर देउवालाई हस्तान्तरण गरिनेछ। चुनावसम्म यो यात्रा जारी रहन्छ। म साथीहरूलाई ढुक्कले अघि बढ्न आग्रह गर्छु।'

» बाँकी पृष्ठ ६

एयर इन्डिया दुर्घटना

## 'इन्जिनमा इन्धन जान रोकिँदा'

**नयाँदिल्ली** (एजेन्सी) : अहमदाबादबाट लन्डनतर्फ उडेको एयर इन्डियाको जहाज इन्जिनमा इन्धन नपुग्दा दुर्घटना भएको प्रारम्भिक प्रतिवेदनले देखाएको छ। गत महिना बोइङ ७८७ ड्रिमलाइनर विमान रनवे छोडेको केहीबेरमै पुनः भुइँमा बजारिँदा २ सय ६० जनाको ज्यान गएको थियो। घटनामा एक यात्रुबाहेक सबैको मृत्यु भयो। भारतको एयरक्राफ्ट एक्सिडेन्ट इन्भेस्टिगेसन ब्युरोले तयार पारेको प्रतिवेदनअनुसार, विमानको ककपिटमा रहेको इन्धन कन्ट्रोल स्विच 'कट अफ' भएको थियो। जसले गर्दा इन्जिनले इन्धन पाउन सकेन। प्रतिवेदनमा उक्त संवेदनशील स्विच कसले चलायो भन्ने प्रस्ट छैन।

अनुसन्धानकर्ताहरूले विमानको ब्ल्याक बक्सबाट ४९ घण्टाको फ्लाइट डेटा र २ घण्टाको ककपिट अडियो निकाल्न सफल भएका छन्। त्यसमा, विमान १८० नटको गतिमा पुग्दा दुवै इन्जिनको इन्धन स्विच 'रन' बाट 'कट अफ' मा क्रमशः १ सेकेन्डको अन्तरमा परिणत भएको देखिन्छ। यसको अर्थ इन्धन इन्जिनमा जाने स्विच अफ हुनु हो।



एक पाइलटले अर्को पाइलटसँग 'किन कट अफ गर्‍यौ ? ' भनेर सोधेको आवाज अडियोमा सुन्न सकिन्छ। जवाफमा अर्का पाइलटले 'मैले गरिनँ' भनेका छन्। त्यसपछि ती स्विच पुनः पुरानै अवस्थामा ल्याइए पनि इन्जिन स्टार्ट हुन नपाउँदै विमान दुर्घटनाग्रस्त भयो।

इन्धन स्विच पाइलटहरूको सिटका बीचमा हुन्छ र गल्तीले चल्न नदिने लक सिस्टम राखिएको हुन्छ। दुर्घटना हुनुअघि विमानको आपत्कालीन पावर प्रणाली सक्रिय भएको देखिएको छ। जहाजले उडिसकेपछि चाँडै उचाइ घटाउँदै गएको थियो।

» बाँकी पृष्ठ ६


## ड्रोन र मिसाइल आक्रमणको सामना गर्दै युक्रेन

**किभ** (एजेन्सी): युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेंस्कीले हालै एक वक्तव्य जारी गर्दै, रूसले एकै रातमा ५९७ ड्रोन र २६ लामो दूरीका क्रुज मिसाइल युक्रेनी भूभागतर्फ प्रक्षेपण गरेको जानकारी दिएका छन्। उनका अनुसार तीमध्ये धेरैजसो 'शाहेद' ड्रोन हुन्, जसको उत्पादन इरानमा भएको हो।

युक्रेनी वायु सेनाले दिएको जानकारीअनुसार, ३१९ शाहेद ड्रोन र २५ मिसाइललाई निष्क्रिय पारिएको छ। तर, एक मिसाइल र करिब २० ड्रोन पाँचवटा स्थानमा खसेको पुष्टि गरिएको छ, यद्यपि ती स्थानहरूको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

राष्ट्रपति जेलेंस्कीले अन्तर्राष्ट्रिय समुदायलाई समयमै ठोस कदम चाल्न आग्रह गर्दै भने, 'रूसी आक्रमणको तीव्रता हेर्दा अब ढिला गर्न हुँदैन। यो अवस्थालाई रोक्न कडा प्रतिबन्ध आवश्यक छ।'

उनले रूसलाई ड्रोन निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने र तेल निर्यातमार्फत आर्थिक लाभ लिने पक्षहरूलाई पनि उपयुक्त कारबाहीको दायरामा ल्याउन अनुरोध गरेका छन्।




# अनि, आलम सफाइविरुद्ध सरकार जाने भयो पुनरावेदन

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतको नजिरले भन्छ, 'प्रमाण भन्ने कुरा कहिल्यै पनि विरोधाभाषयुक्त हुन सक्दैन, द्विविधाजनक हुन सक्दैन। विरोधाभाषको अन्त गर्नु, द्विविधाको अन्त गर्नु नै प्रमाणको एकमात्र उद्देश्य हो।'

उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले पूर्वमन्त्री तथा कांग्रेस नेता मोहम्मद आफताब आलमलाई सफाइ दिँदा लिएका प्रमाण आधारहरू विवादित बनेका छन्। महान्यायाधिवक्ता कार्यालयले उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासले गरेको फैसलाप्रति असन्तुष्टि जनाउँदै पुनरावेदन गर्ने निर्णय गरेको छ। महान्यायाधिवक्ता रमेश बडालले फैसलाको पूर्णपाठ अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने आवश्यकता महसुस भएको बताए।

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले उच्च अदालतको फैसलाविरुद्ध पुनरावेदनमा जाने निर्णय भएको जानकारी दिए। 'उच्च अदालतले गरेको फैसला त्रुटिपूर्ण देखियो। बुझ्नुपर्ने प्रमाण नबुझिएको र नबुझ्नुपर्ने प्रमाण बुझेर सफाइ दिएको मिलेन।



न्यायको मर्म नमरोस्

- सम्पादकीय

त्यसैले सर्वोच्च अदालतमा पुनरावेदन पत्र तयार गरेर दर्ता गर्ने निर्णय महान्यायाधिवक्ताज्यूबाट भएको छ,' प्रवक्ता दाहालले भने, 'पुनरावेदन पत्र लेख्ने काम भइरहेको छ। तयार हुने बित्तिकै यथाशक्य चाँडो सर्वोच्च अदालतमा दर्ता गर्छौं।' दुई साताभित्रै पुनरावेदन पत्र दर्ता गर्ने तयारी रहेको महान्यायाधिवक्ता कार्यालयले जनाएको छ।

२०६४ चैत २७ गते साँझ रौतहटस्थित आलमका काका शेख इद्रिसको गोठघरमा बम बिस्फोट भएको थियो। २०६४ सालको संविधानसभा निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार आलमले निर्वाचनमा धाँधली गर्ने उद्देश्यले बम बनाउन लाग्दा बिस्फोट भएर ज्यान गएको उल्लेख गर्दै तत्कालीन अर्का उम्मेदवार शैलेन्द्र शाह लगायतले संयुक्त निवेदन दिएका थिए।

बिस्फोटनमा घाइते भएका छोरालाई उपचार गराउनुको सट्टा नजिकैको इँटाभट्टाको चिम्नीमा हाली जलाई, लास बेपत्ता पारेको उल्लेख गर्दै पीडित श्रीनारायणसिंह राजपुतले जाहेरी दर्ता गराएका थिए।

बम बिस्फोटनबाट शेख इद्रिसको गाईगोठको छाना नष्ट भएको थियो। घटनास्थलमा पन्टु सिंह भन्ने त्रिलोकप्रताप सिंह, ओस अख्तर र नाम उल्लेख गर्न नसकेको भारतीय नागरिकको मृत्यु भएको थियो। वैशाख १८ गते मानवअधिकारकर्मी घटनास्थल पुग्दा घरको छाना नयाँ खपडाले छाएको, बाँसको नयाँ भाटा प्रयोग भएको, घरको नयाँ पर्खाल लगाइएको थियो। घरमा नयाँ भुस राखेको पाइए पछि हेर्न खोज्दा अधिकारकर्मी दीपेन्द्र झा र पीडित पक्षलाई स्थानीय बासिन्दाले आक्रमणको प्रयास गरेका थिए।

» बाँकी पृष्ठ ६